सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय धनगढी, कैलाली

☎०९१५२११३३
०९१५२११३४

*"व्यावसायिक र सिर्जनशिल प्रशासन : विकास, सम्बृद्धि र सुशासन"*

*"सम्बृद्धिका लागि वन"*

प.सं. (योजना) : २०७९/०८०

मिति : २०८०/०१/१२

( पहुरा दैनिक पत्रिकामा पहिलो पटक सूचना प्रकाशित मिति : २०८०/१/१२)

बिषय : सूचना ! सूचना !! सूचना !!!

उपरोक्त बिषय सम्बन्धमा यस कार्यालयको आ.ब. २०७९/०८० को प्रदेश सरकार तथा संघ सशर्त अनुदान तर्फको बार्षिक स्विकृत कार्यक्रम अन्तर्गतका बिभिन्न कार्यक्रम संचालनका लागि ईजाजत प्राप्त तथा नियमानुसार सूचिकृत दर्ता भएका आपूर्तिकर्ताबाट निम्न सामान तथा बिरुवाहरु खरिद गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित बिबरणका सामान तथा बिरुवाहरु यस कार्यालय अन्तर्गत बिभिन्न सब-डिभिजन वन कार्यालयको बृक्षारोपण तथा संरक्षण क्षेत्रहरुसम्म ढुवानी सहित आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ता फर्म वा संस्थाले तोकिएका कागजातहरु सहित प्रत्येक सामान तथा बिरुवाहरुको अलग अलग प्रति एकाई दररेट सहितको सिलबन्दी दरभाव पत्र पेश गर्नको लागि पहिलो पटक पहुरा दैनिक पत्रिकामा मिति २०८०/०१/१२ मा १५ दिने सूचना प्रकाशन गरीएको छ । योग्यता पुगेका ईच्छुक फर्म, संघ/संस्थाले सूचनाको अबधि भित्र तोकिएको ढाँचामा यस कार्यालयमा रितपूर्बक सिलबन्दी दरभाव पत्र पेश गर्नु हुन अनुरोध गरिन्छ ।

तपसिल

१. प्रदेश सरकार तर्फको कार्यक्रम (पूजिगत खर्च) :

आपूर्ति गर्नुपर्ने बिरुवाको बिबरण :

| क्र.सं. | बिरुवाको प्रजाती | स्पेशिफिकेशन | जम्मा परिमाण | कूल बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | बिजयसाल | कम्तिमा १.५ फीट वा बढी उचाई भएको २ बर्षिय वा सो भन्दा बढी उमेरको स्वस्थ र गुणस्तरिय बिरुवा | - | १४,००,०००/- | परिमाण दरभावपत्र पेश भए अनुसार लागत ईष्टिमेटको आधारमा परिमाण कायम हुने । |
| २. | श्रीखण्ड | | | | |
| ३. | रक्तचन्दन | | | | |
| ४. | अगरउड | | | | |
| ५. | रुद्राक्ष | | | | |

आपूर्ति गर्नुपर्ने सामानको बिबरण :

| क्र.सं. | सामानको प्रजाती | स्पेशिफिकेशन | जम्मा परिमाण | कूल बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | RCC Pole | 4 Inch*4 Inch*7 Feet | - | १०,००,०००/- | परिमाण दरभावपत्र पेश भए अनुसार लागत ईष्टिमेटको आधारमा परिमाण कायम हुने । |
| २. | काँडेतार | १२ गेज ग्यालभनाईज्ड | - | | |
| ३. | चिकेन वायर मेस | ग्यालभनाईज्ड | - | | |

२. संघ सशर्त अनुदान तर्फको कार्यक्रम (पूजिगत) :

आपूर्ति गर्नुपर्ने बिरुवाको बिबरण :

| क्र.सं. | बिरुवाको | स्पेशिफिकेशन | जम्मा | कूल बजेट रकम | कैफियत |
|---|---|---|---|---|---|

Email : dfo.kailali@gmail.com

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय धनगढी, कैलाली
☎०९१५२११३३
०९१५२११३४

"ब्यावसायिक र सिर्जनशिल प्रशासन : बिकास, सम्वृद्धि र सुशासन"

"सम्वृद्धिका लागि वन"

| | प्रजाती | | परिमाण | रु. | |
|---|---|---|---|---|---|
| १. | बाँस | बहुबर्षिय कटिङ्ग बिरुवा | - | २,००,०००/- | परिमाण दरभावपत्र पेश भए अनुसार लागत ईष्टिमेटको आधारमा परिमाण कायम हुने । |

आपूर्ति गर्नुपर्ने सामानको बिबरण :

| क्र.सं. | सामानको प्रजाती | स्पेशिफिकेशन | जम्मा परिमाण | कूल बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | RCC Pole | 4 Inch*4 Inch*7 Feet | - | २०,००,०००/- | परिमाण दरभावपत्र पेश भए अनुसार लागत ईष्टिमेटको आधारमा परिमाण कायम हुने । |
| २. | काँडेतार | १२ गेज ग्यालभनाईज्ड | - | | |
| ३. | चिकेन वायर मेस | ग्यालभनाईज्ड | - | | |

आपूर्तिकर्ताले पालना गर्नुपर्ने शर्तहरु :

१. आपूर्तिकर्ता फर्म वा संस्था नेपाल भित्र दर्ता तथा नबिकरण भै सम्बन्धित सामान आपूर्ति गर्ने ईजाजत प्राप्त हुनुपर्नेछ ।

२. फर्म वा संस्था डिभिजन वन कार्यालय धनगढी, कैलाली वा नियमानुसार सम्बन्धित निकायमा सूचिकृत भएको हुनुपर्नेछ ।

३. फर्म वा संस्था दर्ता प्रमाण-पत्र र नविकरण, पान/मु.अ.कर प्रमाण-पत्र, करचुक्ता प्रमाणपत्र, संचालकको नेपाली नागरिकताको प्रमाण-पत्र प्रतिलिपी, आपूर्ति गरीने सामान/बिरुवाको नमूना स्पष्ट देखिने फोटो र अन्य आबश्यक कागजातहरु समेत दरभावपत्र साथ पेश गर्नुपर्नेछ ।

४. दरभावपत्रहरुमा प्रत्येक आईटमको अलग अलग प्रति एकाई दरभाव भरी सिलबन्दी गरी मिति २०८०/०१/२६ गते दिनको ५.०० बजेसम्म यस कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ । दरभावपत्र दाखिला गर्ने अन्तिम दिन तथा दरभावपत्र खोल्ने दिन बिदा परेमा सो दिन पछी कार्यालय खुलेको दिन उक्त कार्यहरु हुनेछन ।

५. पेश भएका दरभावपत्रहरु बिशेष परिस्थितीमा बाहेक यस कार्यालयमा मिति २०८०/०१/२७ गते दिउसो २.०० बजे प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ ।उक्त दिन र समयमा दरभावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभावपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभावपत्रमा कबोल रकम लेख्दा नेपाली भाषामा अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा लेखिएको स्पष्ट नभएमा वा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. सूचनामा लेखिएका शर्त तथा रित नपुगेको र म्याद नाघि आएको दरभावपत्र उपर कुनै कारबाही हुनेछैन वा मान्यता दिईने छैन।

८. दरभावपत्र सदर भएपछि उपलब्ध गराउनु पर्ने सामानको कायम हुन आउने कूल रकमको १०% ले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं. ४१७०१००२०२०६०००० जम्मा गरेको सक्कल भौचर पेश पेश गरी सूचना बमोजिमका सामानहरुको अबस्था र गुणस्तर यस कार्यालयका प्रतिनिधीबाट चेकजाँच गराई गुणस्तर ठीक भएमा मात्र आपूर्तिको अनुमती दिईनेछ ।

Email : dfo.kailali@gmail.com

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय धनगढी, कैलाली
☎०९१५२११३३
०९१५२११३४

"ब्याबसायिक र सिर्जनशिल प्रशासन : विकास, सम्बृद्धि र सुशासन"

"सम्बृद्धिका लागि वन"

दरभावपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्रास अधिकारीमा निहीत रहनेछ ।

९. सामानको परिमाण कबोल दररेट र बिनियोजित बजेटको आधारमा हेरफेर हुन सक्नेछ ।

१०. यस सूचना सम्बन्धमा कुनै हेरफेर वा संसोधन भएमा सोको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरीनेछ ।

११. यस कार्यका लागि अग्रिम भुक्तानी/पेश्कि दिईने छैन ।

१२. तोकिएको स्थानमा सामान आपूर्ति गरी तोकिएको अबस्था र गुणस्तरको सामान गणना गरी मात्र भुक्तानी दिईने छ ।

१३. यस बाहेकका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

ईति सम्बत् २०८० साल बैशाख महिना १२ रोज मंगलबारमा शुभम् ।

सम्पर्क नं. : ०९१-५२११३३, ९८५८४२४१०७

Email : dfo.kailali@gmail.com